नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति।

मि.नं.-२४३, दायर मिति-:२०७९-०८-१५

फैसला मिति-२०८०-०७-१६

वादी

ताजमुनी खातुनको जाहेरीले वादी नेपाल सरकार--१

प्रतिवादी

जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.१बस्ने बर्ष २७ को मनोज यादव भन्ने मनोज कुमार अहिर-----------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले मादक पदार्थ सेवन गरी तिब्र गतिमा लापरवाहीपुर्ण तरिकाले चलाएको र पछाडी सिटमा कलाम अंसारी सवार रहेको प्रदेश -२-०३-०२१ प ९३०० नम्बरको मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा आमा उछिटि सडक बाटोमा लड्दा चोट लागि घाईते भई उपचार गराउँदा मृत्यु भएको भन्ने ताजमुनी खातुनको जाहेरी दरखास्त।

२. मादक पदार्थ सेवन गरी तिब्र गतिमा लापरवाहीपुर्ण तरिकाले चलाएको र पछाडी सिटमा कलाम अंसारी सवार रहेको प्रदेश -२-०३-०२१ प ९३०० नम्बरको मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा आमा उछिटि सडक बाटोमा लड्दा चोट लागि घाईते भई उपचार गराउँदा मृत्यु भएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. मादक पदार्थ सेवन गरी तिब्र गतिमा लापरवाहीपुर्ण तरिकाले चलाएको र पछाडी सिटमा कलाम अंसारी सवार रहेको प्रदेश -२-०३-०२१ प ९३०० नम्बरको मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा आमा उछिटि सडक बाटोमा लड्दा चोट लागि घाईते भई उपचार गराउँदा मृत्यु भएकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अबधेश बैठा समेतको घटनाविवरण कागज।

४. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा अभियोग बमोजिम मैले कसूर गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०७९।०५।२६ गते अं २१:३० बजेको समयमा जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.१ स्थित सडकमा प्रतिवादी मनोज यादव भन्ने मनोज कुमार अहिरले मादक पदार्थ सेवन गरि तिब्र गतिमा चलाएको प्रदेश २-०३-०२१ प ९३०० नम्बरको मोटरसाईकलले पैदल यात्री फुलमति खातुनलाई ठक्कर दिई सख्त घाईते बनाएकोमा निजको उपचार हुन नपाउँदै मृत्यु भएको मा प्रतिवादीले उपचार खर्च तथा क्षतिपुर्ति वापतको रकम नदिएको भन्ने ताजमुनी खातुनको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान र यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको कृयाखर्च र क्षतिपुर्तिवापत रु ५,५०,०००।- प्रतिवादी मनोज यादव भन्ने मनोज कुमार अहिर बाट मृतकको नजिकको पक्षलाई भरी भराई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) (क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको कृयाखर्च र क्षतिपुर्ति वापत प्रतिवादी मनोज यादव भन्ने मनोज कुमार अहिरबाट रु ५,५०,०००।- अक्षरेपी रु. पाँच लाख पचास हजार मात्र भरी भराई दिनका लागि असुलउपर गर्न कारागार कार्यालय,पर्सालाई पत्र लेख्नु।-----------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जि. अदालत बी. पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना १६ गते रोज ५ शुभम् ........................